# मर्चवारी गाउँपालिका

## स्थानीय राजपत्र

| | |
|---|---|
| कार्यपालिकाबाट स्वीकृत मिति: | २०७९/०६/२६ |

# मर्चवारी गाउँपालिकामा व्यवसायिक गाई,भैसी,बंगुर,बाख्रा,पन्छी तथा मत्स्य फर्म दर्ता गर्न बनेको कार्यविधि २०७९

# मर्चवारी गाउँपालिकामा व्यवसायिक गाई,भैसी,बंगुर,बाख्रा,पन्छी तथा मत्स्य फर्म दर्ता गर्न बनेको कार्यविधि २०७९

प्रस्तावना

व्यवसायिक गाई, भैसी,बंगुर, बाख्रा, पन्छी तथा मत्स्य जन्य पदार्थको उत्पादन तथा उत्पादकत्व बढाई स्वस्थ उत्पादनको उपलब्धता सुनिश्चित गरि खाद्य सुरक्षण तथा पोषण सुरक्षा गर्न व्यवसायिक फर्मलाई संक्रामक रोगबाट मुक्त राख्दै किसानहरुलाई व्यवसायिक पशुपालनमा आवाद गराउदै व्यवसायको प्रवर्द्धन् तथा जनस्वास्थ्य र वातावरण स्वास्थ्यको संरक्षण गर्न यस गाउँपालिकाले यो कार्यविधि तर्जुमा गरि लागू गर्न बान्छनीय भएको छ ।

गया प्रसाद अरई
अध्यक्ष

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

क) यो निर्देशिकाको नाम मर्चवारी गाउँपालिकामा व्यवसायिक गाई,भैसी,बंगुर,बाख्रा,पन्छी मत्स्य फर्म दर्ता गर्न बनेको कार्यविधि २०७९रहने छ ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भए पश्चात मर्चवारी गाउँपालिकाभित्र तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "व्यवसायिक फर्म" भन्नाले व्यवसायिक प्रयोजनको लागि स्थापना भई कम्तिमा गाईभैसी दुहुना वा व्याउने ५ वटा, बाख्रा माउ २० वटा, बंगुर माउ १० वटा र पन्छी २०० वटा पालन गर्ने फर्मलाई सम्झनुपर्दछ ।

ख) "पशु" भन्नाले उन्नत नश्लका गाईभैसी, बंगुर लगायतका अन्य घरपालुवा पशुहरुलाई समेत सम्झनुपर्दछ ।

ग) "पन्छी" भन्नाले कुखुरा, हाँस, बट्टाई, लौक्कात, टर्की, अष्ट्रीच लगायतका अन्य घरपालुवा चरा समेतलाई सम्झनुपर्दछ ।

घ) "मत्स्य" भन्नाले स्थानीय तथा उन्नत जातका माछाका जातहरुलाई सम्झनुपर्दछ ।

ङ.) "ऐन" भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ सम्झनुपर्दछ ।

च) "नियमावली" भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा नियमावली २०५६ सम्झनुपर्दछ ।

छ) "कार्यालय" भन्नाले मर्चवारी गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ज) "प्रशासकीय प्रमुख" भन्नाले मर्चवारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्दछ ।

झ) "सम्बन्धित शाखा" भन्नाले मर्चवारी गाउँपालिकाको पशु सेवा शाखा लाई सम्झनु पर्दछ ।

ञ) "संस्था" भन्नाले पशु तथा पन्छी जन्य व्यवसाय संचालन गर्ने उद्देश्य लिएर निश्चित नियम र विधि अनुसार गठन भई आधिकारिक निकायमा दर्ता भएका संघ संस्था सम्झनु पर्दछ ।

ट) "अनुगमनकर्ता" भन्नाले यस गाउँपालिका कार्यालयले तोकेको पशु सेवा प्राविधिक कर्मचारी लाई सम्झनु पर्दछ ।

गया प्रसाद
अध्यक्ष

# परिच्छेद – २

*क) व्यवसायिक गाई, भैसी फर्मको वर्गीकरण:*

१) साना व्यवसायिक गाईभैसी फर्म: साना व्यवसायिक गाईभैसी फर्म भन्नाले ५ देखी १० वटा उन्नत दुधालु गाई वा भैसी पालन गरि दुध उत्पादन व्यवसाय शुरु गरु आएका फर्मलाई मानिने छ ।

२) मझौला स्तरका व्यवसायिक गाईभैसी फर्म: ११ देखि ३० वटा सम्म उन्नत दुधालु गाईभैसी पालन गरि दुध उत्पादन व्यवसाय शुरु गरि आएका फर्महरुलाई मानिने छ ।

३) ठूला व्यवसायिक गाईभैसी फर्म: ३१ वटा भन्दा माथि उन्नत दुधालु गाई वा भैसी पालन गरि दुध उत्पादन व्यवसाय गरि आएका फर्महरुलाई मानिने छ ।

*ख) व्यवसायिक बंगुर फर्मको वर्गीकरण:*

१) साना व्यवसायिक बंगुर पालन फर्म: पाठापाठी उत्पादनको लागि भए कम्तिमा ५ देखि ७ वटा माउ र मासु उत्पादनका लागि भए कम्तिमा १० वटा भन्दा माथि वयस्क बंगुर पालिराखेका कृषक वा कृषक समूह हुनुपर्दछ ।

२) मझौला स्तरका व्यवसायिक बंगुर पालन फर्म: पाठापाठी उत्पादनको लागि भए कम्तिमा ८ देखि १२ वटा माउ र मासु उत्पादनको लागि भए कम्तिमा १५ देखि २५ वटा सम्म वयस्क बंगुर पालि आएका कृषक वा कृषक समूह हुनुपर्दछ ।

३) ठूला व्यवसायिक बंगुर फर्म: पाठापाठी उत्पादनको लागि भए १३ वटा माउ भन्दा माथि र मासु उत्पादनको लागि भए कम्तिमा २६ वटा भन्दा बढी वयस्क बंगुर पालिआएका कृषक वा कृषक समूह हुनुपर्दछ ।

*ग) व्यवसायिक बाख्रा फर्मको वर्गीकरण:*

१) साना व्यवसायिक बाख्रा फर्म: साना व्यवसायीक बाख्रा फर्म भन्नाले १० देखि २० वटा माउ बाख्रा पालन गरि व्यवसाय संचालन गरेका फर्महरुलाई मानिने छ ।

२) मझौला स्तरका व्यवसायिक बाख्रा फर्म: २१ देखी ३५ वटा माउ बाख्रा पालन गरि व्यवसाय शुरु गरि आएका फर्महरुलाई मानिने छ ।

३) ठूला व्यवसायिक बाख्रा फर्म: ३६ वटा भन्दा बढी माउ बाख्रा पालन गरि व्यवसाय शुरु गरि आएका फर्महरुलाई मानिने छ ।

गया ...
अ...

***घ) व्यवसायिक मत्स्य फर्म वर्गीकरण:***

**१) साना व्यवसायिक मत्स्य फर्म**: साना व्यवसायिक मत्स्य फर्म भन्नाले ५ कट्ठा देखि १० कट्ठा सम्मको मत्स्य फर्मलाई सम्झनुपर्दछ ।

**२) मझौला व्यवसायिक मत्स्य फर्म:** १० कट्ठा देखि २ बिगाहा क्षेत्रफल भएकालाई मानिने छ ।

**३) ठूला व्यवसायिक मत्स्य फर्म**: ठूला मत्स्य फर्म भन्नाले २ बिगाहा क्षेत्रफल भन्दा बढी रहेका फर्मलाई मानिने छ ।

## परिच्छेद – ३

***१) पशु पन्छी तथा मत्स्य व्यवसाय दर्ता प्रकृया:***

क) गाईभैसी, बाख्रा, बंगुर, पन्छी तथा मत्स्य फर्म दर्ताको लागि मर्चावारु गाउँपालिकाको पशु सेवा शाखामा आएर फर्म दर्ताको निवेदन भर्नु पर्नेछ ।

ख) बंगुर तथा पन्छी पालन व्यवसायको हकमा बाटोदेखि र मानव बस्ति वा सरकारी कार्यालयको पुर्व, पश्चिम, उत्तर दक्षिणमा ५०० मिटर भन्दा टाढा हुनु पर्दछ अन्यथा त्यस्तो फर्म दर्ता हुने छैन

ग) व्यवसायिक फर्म दर्ता गर्नको लागि गाईभैसी को हकमा दुहुना ५ वटा, बाख्रा माउ १० देखि २० वटा, बंगुर बयस्क ५ वटा, पन्छी २०० वटा अनिवार्य रुपमा हुनु पर्दछ अन्यथा फर्म दर्ता हुने छैन ।

घ) व्यवसायिक मत्स्य फर्म दर्ता गर्नको लागि कम्तिमा ५ कठ्ठामा व्यवसाय संचालन गरेको हुनु पर्दछ ।

***२ ) व्यक्तिगत फर्म दर्ता को लागि आवश्यक कागजातहरु:***

क) नागरिकताको फोटोकपी १ थान

ख) व्यक्तिगत निवेदन हुलाक टिकट रु १० सहित ।

ग) वडा कार्यालयको सिफारिस

घ) जग्गा धनि प्रमाण पत्रको प्रतिलिपि

गया प्रसाद

ङ.) व्यवसाय संचालन गर्ने ठाउँ वरपरको ५ जनाको सर्जमिन मुचुल्का कागज जसमा व्यक्तिहरुको नागरिकताको प्रतिलिपि पनि समावेश गर्नुपर्नेछ ।

च) पासपोर्ट साइजको फोटो २ प्रति

छ) व्यवसाय संचालन गर्ने जग्गा भाडामा लिएको भएमा जग्गा धनिसंगको सम्झौता पत्र कम्तिमा ५ वर्षको हुनुपर्नेछ ।

ज) आफ्नो घरको घरमुलीको जग्गा प्रमाण पत्र भएमा मंजुरिनामा गरेको कागज हुनुपर्ने छ ।

झ) पशुहरुको हकमा बिमा को कागज र पन्छिहरुको हकमा सम्बन्धित हयाचरीबाट खरिद गरेको बिल समावेश गर्नुपर्नेछ ।

ञ) पशु सेवा शाखाका प्राविधिकको प्रत्यक्ष निरीक्षण तथा अनुगमन पछी मात्र फर्म दर्ता प्रक्रिया अगाडि बढ्ने छ ।

***३) कृषक समूह/सहकारीले पशुपन्छी दर्ता प्रकृया:***

क) समूहको विधानको फोटोकपी १ प्रति ।

ख) समूहको ३ पटक बसेको बैठकको निर्णयको फोटोकपी १/१ प्रति ।

ग) समूहको सदस्यको नागरिकता र व्यक्तिगत फोन नं. ठेगाना विवरण ।

घ) रु १० को टिकट सहित निवेदन ।

ङ.) वडाको कार्यालयको सिफारिस ।

च) समूहको छाप ।

## परिच्छेद – ४
## पालना गर्नुपर्ने शर्तहरु

१ कुनै पनि पशु पन्छी फर्मको कारण बाट मानव स्वास्थ्य र वातावरणमा नकारात्मक असर परेको जानकारी प्राप्त भएमा सो सम्बन्धमा मर्चवारी गाउँपालिकालाई जानकारी दिनु सम्बन्धित सबैको कर्तव्य हुनेछ । यस्तो सूचना प्राप्त भएपछि मर्चवारी गाउँपालिकाले विस्तृत अध्ययन गरि आवश्यकता अनुसार समस्याको किनारा लगाउनु पर्नेछ ।

२ जांच बुझ गर्दा सम्बन्धित फर्म वा समूहसंग आवश्यकता अनुसार मर्चवारी गाउँपालिकाले स्पष्टिकरण माग गर्न सक्नेछ ।

३ यसरी छानविन गर्दा कुनै फर्म वा संस्था दोषि पाइएमा मर्चवारी गाउँपालिकाले नियम बमोजिम कारवाहि गर्नेछ ।

४ पशु वा पन्छिपालन व्यवसाय संचालन गर्दा न्युनतम जैविक सुरक्षा लगायतका प्रावधानहरु अनिवार्य रुपमा पालना गरिएको हुनु पर्दछ ।

५ पन्छिपालन व्यवसाय घना मानव बस्ती क्षेत्र भित्र गर्न पाइने छैन ।पन्छी रहने खोरमा मानिस बस्न पाइने छैन ।

६ फर्म वा समूह संस्थाले पेश गरेको प्रमाणहरुमा फरक पर्न गएमा वा कुनै व्यक्तिले व्यहोरा खोलि उजुरी गरेमा सो सम्बन्धमा मर्चवारी गाउँपालिकाले छानविन तथा निरीक्षण गर्नु गराउनुपर्ने छ ।

७ यसरी दर्ता भएका फर्महरू १ वर्ष पुगिसकेपछि अनिवार्य नविकरण गर्नु पर्नेछ । अन्यथा सो फर्म स्वत: खारेज हुनेछ ।

*विविध:*

व्यवसायिक कृषक हुनका लागि संघीय सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय, पशुसेवा विभाग अन्तर्गत संचालित युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि २०७१ (प्रथम संशोधन २०७२)को दफा ४ (ग) बमोजिम माथि कार्यविधिमा उल्लेख भए अनुसारका नियम प्रकृया पुराई आएका कृषकलाई व्यवसायिक प्रमाण पत्र उपलब्ध गराउन सकिने र प्रकृया नपुराई दर्ता गर्न आएका कृषकलाई व्यवसायिक प्रमाण पत्र उपलब्ध गराउन सकिने छैन ।

१ माथि उल्लेखित नियम प्रक्रिया पुराई आएको फर्मलाई व्यवसायिक फर्म दर्ता प्रमाण पत्र उपलब्ध गराइने छ ।

गया प्रसाद [illegible]
अध्यक्ष